राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २६७ २०८३ वैशाख १८ गते शुक्रवार (1 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## जनकपुरमा शान्ति स्तम्भ उद्घाटन



दैनिक समाचारदाता
जनकपुरधाम, १७ वैशाख । मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले जनकपुरधामको मुजेलियास्थित ॐ शान्ति मिथिला वाटिकामा निर्माण गरिएको 'शान्ति स्तम्भ' को उद्घाटन गरेका छन्।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र नेपालका निर्देशक ब्रह्माकुमारी राजदादीसँग संयुक्त रूपमा उनले उक्त स्तम्भ उद्घाटन गरेका हुन्।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै सभामुख यादवले जनकपुरधाममा थपिएको शान्ति स्तम्भ, तपस्याधाम तथा ईश्वरीय विश्वविद्यालय भवनले धार्मिक तथा पर्यावरणीय पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे। उनले यस्ता संरचनाले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नुका साथै आध्यात्मिक चेतना अभिवृद्धिमा समेत टेवा पुग्ने बताए।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र नेपालको आयोजनामा सम्पन्न कार्यक्रममा प्रदेश सभा सदस्य अनिता कुमारी साह, गौ संरक्षण मंचका केन्द्रीय अध्यक्ष जगदीश महासेठलगायतले मन्तव्य व्यक्त गरेका थिए। वक्ताहरूले शान्ति, सहअस्तित्व र आध्यात्मिक जीवनशैलीको सन्देश फैलाउन यस्ता संरचनाको आवश्यकता औंल्याएका थिए।

# 'डोजर आतंक' रोक्न भन्दै जनकपुरधाममा प्रदर्शन




दैनिक समाचारदाता
जनकपुरधाम, १७ वैशाख । गुठी संस्थानको जग्गामा बसोबास गर्दै आएका जनकपुरधामका स्थानीयवासीहरूले नेपाल सरकारविरुद्ध प्रदर्शन गरेका छन् । हालै विभिन्न स्थानमा सुकुमवासी बस्ती हटाउने क्रममा डोजर प्रयोग गरिएको घटनापछि सम्भावित असरप्रति चिन्ता व्यक्त गर्दै उनीहरू सडकमा उत्रिएका हुन् । 'गुठी(कुटी भूमिहीन घरजग्गा व्यवस्थापन संघर्ष समिति' को ब्यानरमा आयोजित प्रदर्शनमा सहभागीहरूले सरकारले जबरजस्ती घरटहरा भत्काउने प्रयास गरेको आरोप लगाएका छन् । उनीहरूले 'डोजर आतंक' रोक्न र प्रभावित परिवारहरूको उचित व्यवस्थापन गर्न माग गरेका छन्।

प्रदर्शनकारीहरूको मुख्य माग आफूहरू बसोबास गरिरहेको जग्गाको स्वामित्व प्रमाणपत्र (लालपुर्जा) उपलब्ध गराउनु रहेको छ। उनीहरूले दीर्घकालदेखि बसोबास गर्दै आएको जग्गामा अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिएका छन्।

स्थानीयहरूका अनुसार गुठी जग्गामा बनेका घरटहरा भत्काइने हल्ला फैलिएपछि त्रासको वातावरण सिर्जना भएको छ। यसले उनीहरूलाई आन्दोलनमा उत्रिन बाध्य बनाएको बताइएको छ। यसअघि २०६२ सालमा भोजराज घिमिरे नेतृत्वमा गठित कार्यदलले जनकपुरधाम क्षेत्रमा करिब १० बिघा गुठी जग्गा अतिक्रमणमा परेको तथ्य सार्वजनिक गरेको थियो। त्यसयता गुठी जग्गा व्यवस्थापनको विषय पटक(पटक उठे पनि समस्या दीर्घकालीन रूपमा समाधान हुन सकेको छैन।

प्रदर्शनकारीहरूले सुकुमवासीहरूको उचित पुनर्वासको व्यवस्था नगरी बलपूर्वक हटाउने प्रयास अस्वीकार्य हुने चेतावनी दिएका छन्। उनीहरूले सरकारसँग संवादमार्फत समाधान खोज्न र प्रभावित परिवारका लागि वैकल्पिक बसोबासको व्यवस्था गर्न माग गरेका छन्। यता, सम्बन्धित निकायबाट भने यस विषयमा औपचारिक प्रतिक्रिया आउन बाँकी रहेको छ।

## समाज र परिवारबाटै नैतिक शिक्षाको शुरुवात आवश्यक : प्रदेश प्रमुख लाभ




दैनिक समाचारदाता
जनकपुरधाम, १७ वैशाख । मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले समृद्ध, अनुशासित र दिगो समाज निर्माणका लागि नैतिक शिक्षालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याएका छन् । उहाँले नैतिकता बिना विकास अपूर्ण रहने उल्लेख गर्दै यसको सुरुवात परिवार, समाज र शैक्षिक संरचनाबाटै हुनुपर्नेमा जोड दिएका छन् ।


बिहीबार जनकपुरधाममा मधेशी आयोगको आयोजना तथा इन्सेकको सहकार्यमा आयोजित 'नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा' विषयक कार्यक्रममा बोल्दै प्रदेश प्रमुख लाभले मधेश ऐतिहासिक रूपमा नैतिक मूल्य(मान्यतामा आधारित समाज रहेको स्मरण गराए । उहाँले अष्टावक्र र राजर्षि जनकको उदाहरण प्रस्तुत गर्दै प्राचीन मिथिलामा नैतिक आचरण, सत्यनिष्ठा र कर्तव्यपरायणताको परम्परा रहेको उल्लेख गरे । "हाम्रो समाजले सदियौंदेखि नैतिकताको अभ्यास गर्दै आएको छ, तर अहिले त्यसलाई संस्थागत गर्दै पाठ्यक्रममा समावेश गर्ने आवश्यकता थपिएको छ," उहाँले भने ।

प्रदेश प्रमुख लाभले नैतिक शिक्षा केवल सैद्धान्तिक विषय नभई व्यवहारिक जीवनसँग प्रत्यक्ष जोडिएको विषय भएको उल्लेख गरे । उहाँका अनुसार नैतिकता व्यक्तिको चरित्र निर्माणसँग सम्बन्धित भएकाले यसको विकास बाल्यकालदेखि नै गरिनुपर्छ । "संस्था मात्र नैतिक भएर पुग्दैन, व्यक्तिहरू नै नैतिक हुनुपर्छ । जब व्यक्ति नैतिकवान हुन्छ, तब समाज स्वतः सुदृढ बन्छ," उहाँले जोड दिनुभयो ।

उहाँले पछिल्लो समय समाजमा देखिँदै गएको अनुशासनहीनता, सामाजिक विकृति र मूल्यहीनताको समस्या समाधानका लागि नैतिक शिक्षालाई विद्यालय तहदेखि अनिवार्य बनाउनुपर्ने धारणा राखे । स्थानीय सरकारलाई पाठ्यक्रम निर्माणको अधिकार दिइएको सन्दर्भमा उनले स्थानीय भाषा, संस्कृति, धर्म, परम्परा र जीवनशैलीलाई समेटेर नैतिक शिक्षा विकास गर्नुपर्ने बताए । यसले

*बाँकी पृष्ठ४ मा*


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# इन्धन मूल्यवृद्धि र भाडा वृद्धिः बढ्दो बोझ

इन्धनको मूल्य निरन्तर बढ्दै गएपछि सरकारले फेरि सार्वजनिक यातायातको भाडा ५ प्रतिशतले वृद्धि गरेको छ। अन्तरप्रदेश यात्रुवाहक तथा मालवाहक सवारीमा समान रूपमा लागू गरिएको यो निर्णय सतही रूपमा आवश्यक देखिए पनि यसको प्रत्यक्ष असर सर्वसाधारणको दैनिक जीवनमा परेको छ।

सरकारको तर्क छ–डिजेलको मूल्य बढेपछि सवारी सञ्चालन लागत बढ्यो, त्यसैले भाडा समायोजन अपरिहार्य भयो। यातायात व्यवसायीहरूले पनि लामो समयदेखि यही माग गर्दै आएका थिए। तर प्रश्न उठ्छ, के हरेकपटकको समाधान भाडा वृद्धि मात्र हो? छोटो अवधिमै पुनः भाडा बढाइनुले नीति स्थायित्वमा गम्भीर प्रश्न खडा गरेको छ।

यातायात भाडा वृद्धि केवल यात्रुको समस्या होइन, यो समग्र अर्थतन्त्रसँग जोडिएको विषय हो। ढुवानी खर्च बढ्दा खाद्यान्नदेखि निर्माण सामग्रीसम्म सबै वस्तुको मूल्य बढ्छ। यसले बजारमा महँगी थप चर्काउँछ। दैनिक ज्यालादारी मजदुर, विद्यार्थी र साना कर्मचारी यसबाट सबैभन्दा बढी प्रभावित हुन्छन्। उनीहरूको आम्दानी स्थिर छ, तर खर्च निरन्तर बढिरहेको छ।

सरकारले विद्युतीय सवारीसाधनमा भाडा वृद्धि गर्न नपाइने निर्देशन दिएको छ, जुन सकारात्मक कदम हो। तर यसको प्रभावकारिता अनुगमनमा निर्भर हुन्छ। यदि कार्यान्वयन कमजोर भयो भने यस्तो निर्णय केवल औपचारिकतामा सीमित हुनेछ। साथै, विद्युतीय सवारीको पहुँच अझै सीमित भएकाले यसको लाभ व्यापक रूपमा सर्वसाधारणसम्म पुग्न सकेको छैन।

अर्कोतर्फ, सार्वजनिक यातायातको सेवा गुणस्तरमा सुधार देखिँदैन। भीडभाड, अव्यवस्थित सञ्चालन र यात्रु मैत्री सेवाको अभाव कायमै छ। महँगो भाडा तिर्न बाध्य यात्रुले त्यसअनुसारको सेवा नपाउनु अर्को विडम्बना हो। प्रतिस्पर्धा अभाव र कमजोर नियमनले समस्या झन् जटिल बनाएको छ।

दीर्घकालीन समाधानका लागि सरकारले इन्धनमा निर्भरता घटाउने, वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने र सार्वजनिक यातायातलाई व्यवस्थित बनाउने नीति लिनुपर्छ। अन्यथा, बारम्बारको भाडा वृद्धि आम नागरिकमाथि थप आर्थिक बोझ बन्दै जानेछ। जनहितलाई केन्द्रमा राखेर दिगो नीति बनाउने समय अब ढिलो भइसकेको छ।

# हजार माइलको निरंकुशता एकै पाइलाबाट सुरु हुन्छ



बिनु सुवेदी

जनताले परिवर्तन चाहेका छन्, सायद नेताहरूले पनि ! तर जनताले चाहेको र नेताले चाहेको परिवर्तनको स्वरूप र शैली एउटै हो ? यदि यो समय निर्वाचन घोषणा गरेको दिनदेखि गत फागुन २१ सम्मको हुन्थ्यो भने 'हो' भन्न सकिन्थ्यो ।

पार्टी र नेताहरू जुन लयमा हिँडे पनि उनीहरूले सुनाउने निष्कर्ष समाजिक संरचनाको सबैभन्दा पिँधमा रहेका जनताका पक्षमा थिए । यो चुनावमा जसले जनतालाई कन्भिन्स गर्न सके तिनै जनताका नेता बने । राजनीतिक शक्तिको स्वरूप स्वाट्टै उल्टियो, सडकमा हुनेहरू सत्तामा पुगे, सत्तामा तीसौं वर्षदेखि राइँदाइँ गरेकाहरू सडकमा ओर्लिए ।

शासकीय दृष्टिकोणबाट हेर्दा भएको परिर्वतन जम्माजम्मी यत्ति नै हो । तर यो परिवर्तनको उद्देश्य केवल एउटा शक्तिलाई अर्को शक्तिले विस्थापन गर्नु थिएन । विभिन्न अपेक्षाहरूमध्ये मुख्य अपेक्षा त ट्र्याक बाहिर गएको राजनीतिलाई ट्र्याकमा ल्याउनु थियो ।

वर्षौंदेखि सञ्चित असन्तुष्टि, भ्रष्टाचारप्रतिको वितृष्णा, कमजोर सेवा प्रवाह र राजनीतिक नेतृत्वप्रतिको घट्दो विश्वासले जनमतलाई यस्तो दिशातिर धकेल्यो जहाँ नयाँ अनुहारलाई विकल्पका रूपमा सजिलै स्वीकार गरियो । तर यो स्वीकारोक्ति विश्वासको भन्दा बढी अस्वीकारको परिणाम थियो ।

हामीले गत निर्वाचनभन्दा पहिले साक्षात्कार गरेका मतदातहरूले भनेका थिए- पुरानाले गरेनन्, नयाँलाई हेरौं । तर उनीहरूले हामीलाई भनेका थिएनन् कि पुरानाले गरेनन्, नयाँले गर्छन् । जनताले शंकासहित गरेको अपेक्षालाई विश्वासमा परिणत गर्न नेतृत्वमा पुगेकाहरूले अधिकतम मिहिनेत गर्नुपर्ने हो । तर यही मनोविज्ञान बुझ्न नसक्दा लोकतन्त्र बारम्बार संकटमा पर्छ । यसका बाछिटाहरू देखिन थालेका पनि छन् ।

हाम्रो पछिल्लो राजनीतिक परिवर्तन घटनाको शृङ्खला मात्रै थिएन । जनमतको मनोविज्ञान, नेतृत्वको शैली र लोकतान्त्रिक संस्थाहरूको बिग्रिएको स्वास्थ्य अवस्था मुख्य कारक थिए । त्यसैले परिवर्तनको माग बलियो थियो, त्यही एजेन्डाले जित्यो पनि ।

धेरै संकेतहरूले देखाउँछन्, नयाँ शक्तिहरूको उदय मुख्यतः पुराना दलप्रतिको गहिरो वितृष्णाबाट सम्भव भयो । यस्तो अवस्थामा जनादेश सकारात्मक विश्वासको भन्दा 'नकारात्मक अस्वीकार' को रूप हुन्छ । यही बिन्दुमा लोकतन्त्रको परीक्षा सुरु हुन्छ, किनकि आक्रोशले ढोका खोल्छ, तर संस्थागत विवेकले मात्र घर बनाउँछ ।

रास्वपा र प्रधानमन्त्री बालेन शाहको उभार यही आक्रोशको तरंगमाथि सवार भएर आएको हो । जनताले उनीहरूलाई नयाँ भन्दै समर्थन गरे पनि त्यो समर्थन नीतिगत बहस र संस्थागत खाकामाथिको भरोसाबाट कति आएको थियो भन्ने प्रश्नको जवाफ खोज्न अझै बाँकी छ । सायद आउँदो समयले यस प्रश्नको जवाफ विवेचनासहित देला ।

यद्यपि, हामीले यति चाहिँ भन्न सक्छौं- समर्थनको ठूलो हिस्सा पुराना शक्तिहरूलाई दण्ड दिन चाहने भावनाबाट नै प्रेरित थियो । यसलाई राजनीतिक भाषामा 'नेगेटिभ म्यान्डेट' पनि भनिन्छ, जहाँ मत कसैलाई जिताउनभन्दा पनि कसैलाई हराउनका लागि दिइन्छ । यस्तो जनादेशले तत्काल ऊर्जा दिन्छ, तर स्थायित्वको ग्यारेन्टी गर्दैन ।

फ्रान्सेली राजनीतिक चिन्तक अलेक्सिस दे टकभिलले आफ्नो प्रसिद्ध कृति म्झयअचबअथ ष्ल बभचष्अब (१८३५-१८४०) मा लोकतन्त्रको शक्ति र सीमाबारे गहिरो विश्लेषण प्रस्तुत गरेका थिए । जुन अहिलेको नेपाली राजनीतिक चरित्रसँग मिल्दोजुल्दो देखिन्छ ।

टकभिलले विशेषगरी 'बहुमतको निरंकुशता' भन्ने अवधारणामा भनेका छन्- यदि बहुमतको शक्ति संस्थागत नियन्त्रण, कानुनी सन्तुलन र आलोचनात्मक सार्वजनिक बहसबिना प्रयोग हुन थाल्यो भने त्यसले स्वतन्त्रतालाई नै कमजोर बनाउन सक्छ ।

उनका अनुसार लोकतन्त्रमा बहुमत शक्तिशाली अवश्य हुन्छ, तर यदि त्यसलाई नियमन गर्ने संस्थाहरू, नियमहरू र नागरिक चेतना बलिया भएनन् भने बहुमत आफैं निरंकुश बन्न सक्छ । बहुमतको शक्ति संस्थागत नियन्त्रणबिना चल्यो भने त्यो स्वतन्त्रतामाथि नै भारी पर्न सक्छ । अनि आक्रोशबाट बनेको बहुमतले यदि व्यक्तिलाई संस्थाभन्दा माथि राख्यो भने खतरा सानोतिनो संकेतबाट देखिन थाल्छ ।

उसो त राष्ट्रिय स्वतन्त्र पार्टी र प्रधानमन्त्री बालेन शाहको उदयलाई धेरैले 'नयाँ युगको सुरुवात' भनेर व्याख्या गरे । तर यथार्थमा त्यो समर्थन उनीहरूको नीति र संस्थागत दृष्टिकोणभन्दा बढी पुराना दलहरूप्रतिको आक्रोशबाट जन्मिएको थियो । जनताले विकल्प रोजे, तर त्यो विकल्पप्रतिको भरोसाभन्दा पुरानाप्रतिको अस्वीकार बढी बलियो थियो । सायद यो पनि लोकतन्त्रमाथि खतराकै संकेत हो ।

लोकतन्त्रमा सबैभन्दा ठूलो खतरा तब आउँछ जब जनताले स्वतन्त्रताभन्दा तात्कालिक सन्तुष्टिलाई प्राथमिकता दिन्छन् । हामीकहाँ जनताले तत्काल परिवर्तनको चाहनामा नयाँ नेतृत्वलाई स्वीकार गरे, तर त्यो स्वीकारोक्ति आलोचनात्मक परीक्षणबाट भएको थिएन । यसले समयभन्दा पहिले नै हाम्रा प्रधानमन्त्री बालेन शाह र उनी आवद्ध पार्टी रास्वपालाई पुलपुल्याएको छ । यही कारण पनि आजको र ाजनीतिक समर्थन स्थिर होइन र चाँडै बदलिने सम्भावना छ ।

हो यो समर्थनलाई यथास्थितिमा राख्न पनि सकिन्छ, यो समर्थनलाई जुगौं जुगसम्म तन्काउन पनि सकिन्छ । तर त्यसका लागि सबैभन्दा पहिले जनताको विश्वास जित्नुपर्छ र अझ परम्परागत राज्य संरचनाले सबैभन्दा पुछारमा पारेका जनताको माया पाउनुपर्छ ।

किनभने, कुनै पनि शासन नेताको व्यक्तित्व, जनताको विश्वास अनि कानुनी र संस्थागत वैधताकै आधारमा दीर्घकालीन हुन्छ । नेपालमा अहिले नयाँ नेतृत्वको उदय व्यक्तित्वमा आधारित हो । जनताले व्यक्तिको साहस, बोली र शैलीलाई समर्थन गरेका हुन् । तर राजनीतिकशास्त्रीहरूको पुराना अध्ययनअनुसार व्यक्तित्वमा आधारित रहेर जनताले दिएको वैधता दीर्घकालीन हुँदैन, जबसम्म त्यो संस्थागत वैधतामा रूपान्तरण हुँदैन । यदि संस्थालाई बलियो नबनाई व्यक्तिलाई मात्र बलियो बनाइयो भने, त्यो लोकतन्त्रको स्थायित्वका लागि खतरा बन्छ । किनभने, शक्ति त्यतिबेला मात्रै टिक्छ जब नागरिकले त्यसलाई स्वेच्छाले स्वीकार गर्छन् । तर जब शक्ति केवल व्यक्तिको नियन्त्रणमा सीमित हुन्छ, त्यो अन्ततः हिंसा वा दमनमा रूपान्तरण हुन्छ । यसले राजनीतिक निकास दिँदैन, जुन हामीले नेपालकै लामो राजनीतिक इतिहासमा देखेभोगेकै छौं ।

त्यतिधेरै पर जान पनि पर्दैन । २०७४ को निर्वाचनपछि ठूलो बहुमतसहित सत्तामा आएका केपी शर्मा ओलीको शासनकाल यसको स्पष्ट उदाहरण हो । सुरुमा जनताले उनको हरेक कदमलाई सकारात्मक रूपमा लिए । उनले जे बोले पनि लोकप्रिय भयो, जे गरे पनि समर्थन मिल्यो ।

तर, विस्तारै उनले संसद्को भूमिकालाई बेवास्ता गर्न थाले, अध्यादेशमार्फत शासन चलाउन थाले र संस्थागत प्रक्रियामाथि व्यक्तिगत नियन्त्रण बढाउन खोजे । सुरुमा जनताको समर्थनले यो प्रवृत्तिलाई बलियो बनायो, तर अन्ततः त्यही समर्थन विरोधमा परिणत भयो । यसको परिणाम के भयो, यही निर्वाचनमा एमालेले ल्याएको मतले स्पष्ट देखाइसकेको छ । राजनीतिशास्त्रीहरू यसलाई 'cबवयचष्तथ तथचबललथ' को रूपमा व्याख्या गर्छन्, जहाँ बहुमतको समर्थनका आडमा लोकतान्त्रिक खम्बाहरूलाई कमजोर बनाइन्छ ।

बालेन शाह प्रधानमन्त्री बनेपछिको यो एक महिनामा देखिएको शैलीले पनि यस्तै संकेत दिन थालेको छ । उनको लोकप्रियता, दृढ निर्णय क्षमता र भ्रष्टाचार विरुद्धको छविले जनतालाई आकर्षित गरेको हो । तर पछिल्ला घटनाहरूले केही प्रश्न भने अवश्य उठाएका छन् । संसद्लाई प्राथमिकता नदिने प्रवृत्ति र संवेदनशील विषयहरूमा पर्याप्त परामर्श बिना लिइएका उनका निर्णयहरूले उनी आफूलाई 'सुपेरियर' ठान्छन् या उनको ढंग नपुगेको हो अझै पनि आकलन गर्न सकिएको छैन ।

विशेषगरी सुकुम्बासी जस्तो जटिल सामाजिक प्रश्नमा देखिएको एकतर्फी दृष्टिकोणले लोकतान्त्रिक प्रक्रियामाथि प्रश्न उठाएको छ । यस्तो विषयमा केवल कानुनी कठोरता पर्याप्त हुँदैनथ्यो, त्यसमा मानवीय संवेदना, सामाजिक न्याय र सहभागितामूलक निर्णय प्रक्रिया आवश्यक हुन्थ्यो । तर यी आधारभूत पक्षहरूलाई बेवास्ता गरिँदा त्यो केवल प्रशासनिक निर्णय भनेर बस्न सकिने अवस्था छैन । किनभने, यहाँ त्यो लोकतान्त्रिक मूल्यहरूको अवमूल्यन भएको छ ।

यसै पनि निरंकुशताको यात्रा साना संकेतबाट सुरु हुन्छ । जब जनताले नेतालाई प्रश्न गर्न छोड्छन्, जब आलोचनालाई अस्वीकार गरिन्छ, जब कानुनी प्रक्रिया छोट्याइन्छ र जब संस्थाहरूलाई बाधक ठानिन्छ, अनि निरंकुशताको बीउ र ोपिन्छ । स्वतन्त्रता तब मात्र सुरक्षित रहन्छ जब नागरिक सतर्क हुन्छन् । जनताले 'नेताले जे गर्छ, ठिक गर्छ' भन्ने मानसिकता विकास गर्न थाले भने, त्यो लोकतन्त्रका लागि सबैभन्दा ठूलो खतरा हो । इतिहासले देखाएको छ- निरंकुशता सधैं जनताको समर्थनबाट सुरु हुन्छ, निरंकुशताले सबैभन्दा पहिले जनतालाई नै पिरोल्छ । हजार माइलको निरंकुशता एकै पाइलाबाट सुरु हुन्छ ।

लोकतन्त्रको अर्को पक्ष पनि छ, त्यो आत्मसुधारको क्षमता हो । नेपालमा निरंकुशता लामो समय टिक्न नसक्ने मुख्य कारण यही हो । किनभने, हामीकहाँ जनताको राजनीतिक चेतना बलियो छ । उनीहरूले राजतन्त्रको अन्त्यदेखि गणतन्त्रको स्थापना र त्यसपछि भएका आन्दोलनहरू सबै अनुभव गरेका छन् ।

सञ्चारमाध्यम, सामाजिक सञ्जाल र सार्वजनिक बहसले कुनै पनि निर्णयलाई तुरुन्तै परीक्षणको दायरामा ल्याउँछन् । यसले कानुनी-संस्थागत संरचनालाई बलियो बनाउँछ । संस्थागत संरचना बलियो हुँदा व्यक्तित्व केन्द्रित शक्ति सीमित हुन्छ । नेपालमा पछिल्लो समय संस्थाहरू कमजोर त पारिएको छ तर पूर्ण रूपमा समाप्त भने भएका छैनन् । यसैले कुनै पनि निरंकुश प्रवृत्ति अन्ततः चुनौतीको सामना गर्न बाध्य हुन्छ ।

तर, यहाँ अर्को गम्भीर प्रश्न त उठ्छ नै- के हामीले बारम्बार यही चक्र दोहोऱ्याउने हो ? पुराना दलहरूप्रति आक्रोश, नयाँ नेतृत्वप्रति आशा, त्यसपछि निराशा र फेरि अर्को विकल्पको खोजी । यदि राजनीति यही घेरामा सीमित रह्यो भने लोकतन्त्र कहिल्यै पनि परिपक्व हुँदैन ।

उसो त लोकतन्त्र सरकार परिवर्तन गर्ने प्रणाली मात्रै पनि त होइन । त्यो र ाजनीतिक संस्कार निर्माण गर्ने प्रक्रिया हो । यदि नागरिकले व्यक्तिपूजाको सट्टा संस्थालाई प्राथमिकता दिन सिकेनन् भने कुनै पनि नयाँ नेतृत्व अन्ततः पुरानै समस्यामा फस्नेछ । किनकि, स्वतन्त्रता संस्थाबाट सुरक्षित हुन्छ, व्यक्तिबाट होइन ।

आजको अवस्थामा नेता र जनता दुवैपक्ष जिम्मेवार बन्नुपर्ने हो । नेताले आफ्नो लोकप्रियतालाई व्यक्तिगत अधिकारको रूपमा होइन, सार्वजनिक जिम्मेवारीको रूपमा लिनुपर्छ । संस्थालाई कमजोर बनाउने कुनै पनि प्रयास अन्ततः आफ्नै पतनको कारण बन्नेछ भन्ने कुरा बुझ्नुपर्छ । जनताले पनि समर्थनलाई अन्ध समर्थनमा परिणत हुन दिनु हुँदैन ।

प्रश्न गर्ने, आलोचना गर्ने र उत्तरदायित्व माग्ने संस्कार नै लोकतन्त्रको आधार हो । यदि जनताले आफ्नो आलोचनात्मक दृष्टि गुमाए भने उनीहरू स्वयं निरंकुशताको आधार बन्छन्, निरंकुशबाट प्रताडित हुन्छन् ।

यसै पनि अहिले हामीसँग दुइटा बाटा छन् । व्यक्ति केन्द्रित शासनतर्फ जाने बाटो वा संस्थागत लोकतन्त्रलाई बलियो बनाउने बाटो । नयाँ नेतृत्वले संस्थागत प्रक्रिया, पारदर्शिता र सहभागितामूलक निर्णयलाई प्राथमिकता दियो भने यो परिवर्तन ऐतिहासिक उपलब्धि बन्न सक्छ । तर व्यक्तिगत निर्णय, तात्कालिक लोकप्रियता र हावादारी समर्थनमा आधारित शासनलाई निरन्तरता दिइयो भने त्यो लोकतन्त्रका लागि खतरनाक मोड हुनेछ । किनभने, लोकतन्त्रको सबैभन्दा ठूलो सुरक्षा नागरिकको चेतनामा हुन्छ । यही चेतना जोगाउन सके मात्र मुलुकले आफ्नो लोकतान्त्रिक यात्रालाई सुरक्षित राख्न सक्छ ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |


### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# हिटलरसम्बन्धी १२ तथ्य जुन खासै चर्चामा आउँदैनन्



इतिहासकै सबैभन्दा चर्चितमध्येका एक पात्र हुन्, एडोल्फ हिटलर। जर्मनका सर्वोच्च पदमा पुगेर दोस्रो विश्वयुद्धलाई निम्ता दिएका उनी एक क्रुर र तानाशाही शासकका रूपमा इतिहासमा दर्ज हुन पुगेका छन्।

हिटलरका बारेमा धेरै जानकारी बाहिर आएपनि उनी अझै धेरैका लागि जिज्ञासाको पात्र हुन्। उनी कस्तो थिए ? के गर्थे? कसरी बोल्थे ? उनी कसरी त्यति शक्तिशाली बन्न पुगे ? यी यावत् जिज्ञासा धेरैमा छन्।

यो लेखमा हिटलर सम्बन्धीका १२ तथ्य चर्चा गरिएको छ।

*१. सुरुमा अस्ट्रियाली थिए*

हिटलर जर्मन राष्ट्रवादसँग जोडिए पनि उनी अप्रिल १८८९ मा अस्ट्रियाको ब्राउनाउ एम इनमा जन्मिएका थिए। आफ्ना स्कूलका शिक्षक लियोपोल्ड पोएट्सको प्रभावमा परेर हिटलरले अस्ट्रिया-हंगेरी साम्राज्यलाई घृणा गर्न थाले। र, जर्मनीप्रति वफादारी हुन थाले। सन् १९१४ मा म्युनिखमा बस्दै गर्दा उनी बभेरियाली सेनामा भर्ना भए। पछि १९२५ मा उनले आफ्नो अस्ट्रियाली नागरिकता त्यागे। र, १९३० को दशकको सुरुमा आधिकारिक रूपमा जर्मनीको नागरिक बने। नाजी पार्टीमा लागेर राजनीति गरेका उनी १९३३ मा जर्मनको सत्तामा पुगेका थिए।

*२. असफल चित्रकार*

हिटलरको चित्रकार बन्ने युवावस्थाको सपना पूरा भएको भए २०औं शताब्दी कस्तो हुन्थ्यो होला भनेर धेरैले अनुमान गर्ने गर्छन्। उनी भियनाको एकेडेमी अफ फाइन आर्ट्सको प्रवेश परीक्षामा दुई पटक (१९०७ र १९०८ मा) असफल भए। उनमा वास्तुकला सम्बन्धी रेखाचित्रमा केही प्रतिभा भए तापनि मानव आकृतिहरूमा सूक्ष्म विवरण र चरित्रको अभाव रहेको टिप्पणी गरिएको थियो।

तर, कलामा उनको रुचि कायमै रह्यो। थर्ड रिचको समयमा आधुनिक र प्रभाववादी कलालाई 'यहुदी र बोल्सेभिक कलाकारहरूको उपज' भन्दै घृणा गरिएको थियो। नाजीहरूले बहुमूल्य कलाकृतिहरू प्रायः कला संरक्षणको नाममा जफत गरे। यसै बहानामा हिटलरको निजी संग्रहका लागि धेरै कृतिहरू संकलन गरिएको थियो।

*३. कुनै समय घरबारविहीन*

चित्रकारका रूपमा सफल हुन नसकेपछि हिटलरले ठूलो आर्थिक संकट भोग्नुपर्यो। आफ्ना चित्र र पोष्टकार्डहरू बेच्न नसकेपछि सन् १९०९ मा उनी भियनाको एउटा घरबारविहीन आश्रयस्थलमा बस्न बाध्य भए। सन् १९१३ सम्म उनी सार्वजनिक छात्रावासमा बसे। पछि बुबाको पैतृक सम्पत्ति प्राप्त गरेपछि म्युनिख बसाइँ सरे।

*४. प्रथम विश्वयुद्धका घाइते*

अस्ट्रियाली नागरिक भए तापनि उनी बभेरियाली सेनामा भर्ना भएका थिए। उनले सन् १९१६ मा ब्याटल अफ द सोममा भाग लिएका थिए। तर, त्यहाँ खुट्टामा चोट परेपछि उनी घाइते भए। त्यस्तै १९१८ मा मस्टर्ड ग्यासका कारण अस्थायी रूपमा अन्धो पनि भए। पछि अस्पतालमा उपचार गरिरहेकै बेला उनले जर्मनीले आत्मसमर्पण गरेको समाचार सुने। युद्धमा वीरताका लागि उनले 'आइरन क्रस' पदक पनि प्राप्त गरेका थिए।

*५. देशद्रोहको आरोपमा जेल सजाय*

सन् १९२३ मा नाजी पार्टीले गरेको असफल विद्रोहपछि हिटलरलाई देशद्रोहको आरोपमा पक्राउ गरियो। उनलाई पाँच वर्षको जेल सजाय सुनाइएको थियो। तर, उनले एक वर्षभन्दा कम समय मात्र जेलमा बिताए। सोही समयमा उनले आफ्नो प्रसिद्ध पुस्तक 'मेन क्याम्फ' लेख्न सुरु गरेका थिए।

*६. कहिल्यै चुनाव जितेनन्*

सन् १९३२ को राष्ट्रपति चुनावमा हिटलर पल भोन हिन्डनबर्गसँग पराजित भए। तर, सोही वर्षको संघीय चुनावमा नाजी पार्टीले ३७ प्रतिशत मत प्राप्त गर्दै सबैभन्दा ठूलो पार्टी बन्यो। सन् १९३३ मा हिन्डनबर्गले हिटलरलाई चान्सलर नियुक्त गरे। पछि हिन्डनबर्गको मृत्यु भएपछि हिटलरले राष्ट्रपति र चान्सलरको पदलाई गाभेर आफूलाई 'फुहरर' (सर्वोच्च नेता) घोषणा गरे।

*७. टाइम म्यागजिनको 'म्यान अफ द इयर'*

दोस्रो विश्वयुद्ध सुरु हुनुभन्दा एक वर्षअघि सन् १९३८ मा टाइम म्यागजिनले हिटलरलाई यो उपाधि दिएको थियो। टाइमका अनुसार यो उपाधि समाचारको प्रभाव र चर्चाका आधारमा दिइएको थियो। पछि उनलाई नोबेल शान्ति पुरस्कारका लागि पनि मनोनयन गरिएको थियो। तर त्यो एक स्वीडिश राजनीतिज्ञले व्यङ्ग्यका लागि मात्र गरेका थिए।

*८. कन्सन्ट्रेशन क्याम्पमा कहिल्यै गएनन्*

यहुदीहरूको सामूहिक नरसंहार हिटलरको शासनको सबैभन्दा भयानक कालो धब्बा हो। तर, हिटलरले कहिल्यै पनि आफैंले बनाएका कन्सन्ट्रेशन क्याम्प अर्थात् मृत्यु शिविरहरूमको भ्रमणमा गएनन्। उनले नरसंहारको योजना टाढैबाट चलाउन खोजेको देखिन्छ।

*९. जनावर प्रेमी*

मान्छेहरूमाथि क्रूर अत्याचार गर्ने हिटलर जनावर प्रेमी थिए। भलै उनी शाकाहारी थिए कि थिएनन् भन्ने विषयमा अझै बहस हुने गर्छ। यद्यपि उनले जनावरहरूको संरक्षणका लागि कडा कानुनहरू बनाएका थिए। जनावरमाथि हुने वैज्ञानिक परीक्षणको विरुद्धमा थिए।

*१०. धेरै स्वास्थ्य समस्या*

हिटलरको स्वास्थ्यका बारेमा धेरै अड्कलबाजीहरू छन्। केही इतिहासकारहरूका अनुसार उनलाई सिफिलिस, हन्टिङ्टन रोग र पार्किन्सन रोग थियो। उनको हात काँप्ने समस्यालाई कतिपयले पार्किन्सन वा लागुऔषधको प्रयोगसँग पनि जोडेर हेर्ने गर्छन्।

*११. धेरै हत्याका प्रयासहरूबाट बाँचेका*

हिटलरमाथि कति पटक हत्याको प्रयास भयो भन्ने यकिन नभए पनि उनी २० भन्दा बढी प्रयासहरूबाट बचेको मानिन्छ। सन् १९३९ मा जर्ज एल्सरले गरेको बम आक्रमण र १९४४ मा क्लाउस भोन स्टाउफेनबर्गले गरेको प्रयास सबैभन्दा चर्चित छन्।

*१२. उनका भतिजा अमेरिकी सेनामा*

हिटलरका भतिजा विलियम प्याट्रिक हिटलरको जन्म लिभरपुलमा भएको थियो। १९३० को दशकमा उनी जर्मनी गएका थिए। तर पछि उनी अमेरिकासँग मिलेर आफ्नै काकाको सेनाविरुद्ध लडे। उनले अमेरिकी नौसेनामा सेवा गरेबापत पर्पल हार्ट पदक समेत प्राप्त गरेका थिए। साभारः अनलाइनखबरडटकम

## बेइजिङमा ड्रोन बिक्रीमा प्रतिबन्ध

एजेन्सी

बेइजिङ। चीनले राजधानी बेइजिङमा ड्रोन बिक्रीमा कडा प्रतिबन्ध लगाउने घोषणा गरेको छ।


शुक्रबारदेखि लागु हुने नयाँ नियमअनुसार ड्रोन र यसको मुख्य पार्ट्स किनबेच गर्न, भाडामा लगाउन वा सहरभित्र ल्याउन निषेध गरिनेछ। नयाँ प्रावधानअनुसार ड्रोन भएका व्यक्तिहरूले आफ्ना उपकरण अनिवार्य रूपमा प्रहरीमा दर्ता गर्नुपर्नेछ। साथै बाहिर उडाउने सबै ड्रोनका लागि पूर्वअनुमति आवश्यक हुनेछ। प्रयोगकर्ताले अनलाइन तालिम लिएर नियमसम्बन्धी परीक्षा पास गर्नुपर्नेछ।

हालका वर्षहरूमा चीनले सार्वजनिक सुरक्षालाई ध्यानमा राख्दै ड्रोनसम्बन्धी नियमहरू क्रमशः कडा बनाउँदै आएको छ। यसअघि नै बेइजिङको अधिकांश हवाई क्षेत्रलाई 'नो ड्रोन जोन' घोषणा गरिसकिएको थियो। ड्रोन चीनका धेरै सहरहरूमा सामान्य भइसकेका छन्। खाना डेलिभरी, कृषि र भवन सफाइजस्ता काममा प्रयोग यसको प्रयोग भइरहेका छन्। यस्ता प्रविधि लो-अल्टिच्युड इकनोमीअन्तर्गत पर्छन्, जसलाई चीनले रणनीतिक प्राथमिकता दिएको छ। सन २०३५ सम्म यसले दुई ट्रिलियन युआनभन्दा बढीको आर्थिक योगदान अपेक्षा गरिएको छ। तर नयाँ नियमले ड्रोन प्रयोग झन जटिल बनाउने देखिएको छ। यदि कसैले ड्रोन मर्मतका लागि सहर बाहिर पठायो भने त्यसलाई पुनः ल्याउँदा आफैं उपस्थित हुनुपर्नेछ। साथै, सबै उडानका लागि हवाई ट्राफिक निकायको अनुमति आवश्यक हुनेछ। यद्यपि केही अपवादहरू पनि छन्। आतंकवादविरुद्धको कार्य, विपद् व्यवस्थापन जस्ता उद्देश्यका लागि सरकारी स्वीकृतिमा ड्रोन किन्ने र प्रयोग गर्ने अनुमति दिइनेछ।



यी कडा नियमहरूले चीनको विशाल ड्रोन बजारमा असर पार्ने अनुमान गरिएको छ। सरकारी तथ्यांकअनुसार देशभर ३० लाखभन्दा बढी दर्ता भएका ड्रोनहरू छन्। विश्वकै ठूलो ड्रोन निर्माता डीजेआई चीनकै हो। नयाँ नियम लागु भएसँगै सहरमा रहेका डीजेआईका पसलहरूले ड्रोन र यससँग सम्बन्धित सामान हटाउन थालेको बताइएको छ।

## स्ट्रेट अफ होर्मुजमा 'नयाँ अध्याय' सुरु भएको इरानको दाबी



एजेन्सी

तेहरान १७ वैशाख। इरानका सर्वोच्च नेता मोज्तबा खामेनीले स्ट्रेट अफ होर्मुज वरिपरि 'नयाँ अध्याय' सुरु भएको दाबी गरेका छन्।

सरकारी सञ्चारमाध्यममार्फत जारी गरिएको वक्तव्यमा उनले अमेरिकाको क्षेत्रीय रणनीति लज्जास्पद असफलता भएको टिप्पणी गरेका छन्। उनका अनुसार पछिल्ला दुई महिनामा क्षेत्रीय तनाव र कथित अमेरिकी कारबाही असफल भएपछि पर्सियन गल्फ र होर्मुज जलमार्गमा नयाँ राजनीतिक अवस्था देखिन थालेको छ। उनले यसलाई नयाँ अध्यायको सुरुवात भन्दै इरानको स्थिति मजबुत भएको संकेत गरेका छन्।

यो वक्तव्य इरानको राष्ट्रिय 'पर्सियन गल्फ दिवस'को अवसरमा आएको हो, जसले ऐतिहासिक रूपमा सन १६२२ मा पोर्चुगिज सेनालाई उक्त क्षेत्रबाट हटाइएको घटनाको स्मरण गर्छ।

खामेनीले आफ्नो वक्तव्यमा स्ट्रेट अफ होर्मुजलाई इतिहासभर विभिन्न शक्तिहरूको लोभको केन्द्र भएको उल्लेख गरेका छन्। हालको अवस्था इरानी सेनाको सजगता, दृढता र साहसी संघर्षको परिणाम भएको दाबी पनि उनले गरेका छन्।

उनका अनुसार हालको क्षेत्रीय संघर्षपछि इरानी जनताले आफ्नो शक्तिको प्रदर्शन प्रत्यक्ष देखेको छ र यसले देशलाई अझ मजबुत बनाएको छ। अन्त्यमा उनले भविष्यमा पर्सियन गल्फ क्षेत्र अमेरिकाविहीन हुने र यहाँका जनताको विकास, आराम र समृद्धिको सेवा गर्ने दिशामा जाने दाबी गरेका छन्।

# २०७ पालिकाले मागे नापी-मालपोत सेवा

दैनिक समाचारदाता
काठमाडौँ, १७ वैशाख । स्थानीय तहबाटै नापी तथा मालपोत सेवा प्रवाह गर्ने सरकारको योजनाअनुसार देशभरका २०७ वटा पालिकाले रुचि देखाएका छन्।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले एक साताअघि इच्छुक पालिकाहरूलाई सहभागी हुन आह्वान गरेको सूचनाअनुसार बिहीबारसम्म २०७ स्थानीय तहले निवेदन पेस गरेका हुन्।

मन्त्रालयका अनुसार निवेदन दिने पालिकाहरूमा धरान, घोराही र धनगढी उपमहानगरपालिका तथा हुम्लाको सर्केगाड, इलामको चुलाचुली, सर्लाहीको चक्रघट्टा र कञ्चनपुरको बेलडाँडी गाउँपालिका रहेका छन्। त्यसैगरी भरतपुर र पोखरा महानगरपालिकाले पनि आफ्नै कार्यक्षेत्रबाट नापी तथा मालपोत




सेवा सञ्चालन गर्न तयारी जनाएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलको सचिवालयले जानकारी दिएको छ।

प्राप्त निवेदनहरूमाथि मन्त्रालयले अध्ययन प्रक्रिया सुरु गरिसकेको छ। चरणबद्ध रूपमा सेवा हस्तान्तरण गर्ने योजनाअनुसार पहिलो चरणमा केही पालिका छनोट गरी प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ।

पालिका छनोट गर्दा सेवाग्राहीको चाप, भौगोलिक पहुँच तथा व्यवस्थापन क्षमतालाई मुख्य आधार बनाइनेछ। विशेषगरी बढी सेवाग्राही चाप भएका र दुर्गम क्षेत्रका पालिकालाई प्राथमिकतामा राखिने मन्त्री रावलको सचिवालयले स्पष्ट पारेको छ।

मन्त्रालयले बिहीबार नै सम्बन्धित जिल्लाका नापी तथा मालपोत कार्यालयका अधिकारीहरूलाई स्थलगत अनुगमन गरी वस्तुस्थितिको प्रतिवेदन बुझाउन निर्देशन दिएको छ। स्थलगत प्रतिवेदन प्राप्त भएलगत्तै आवश्यक प्राविधिक उपकरण र जनशक्तिको व्यवस्थापन गरिने जनाइएको छ।

यसका साथै स्थानीय तहमा खटिने कर्मचारीका लागि आवश्यक सामग्री तथा तालिमको व्यवस्था गर्ने तयारीसमेत मन्त्रालयले गरिरहेको छ। आगामी एक साताभित्र सम्पूर्ण तयारी पूरा गरी पहिलो चरणका केही पालिकामा औपचारिक रूपमा सेवा हस्तान्तरण गर्ने योजना रहेको मन्त्रालयले जनाएको छ। यस कदमबाट नापी तथा मालपोतसम्बन्धी सेवाका लागि जिल्ला सदरमुकाम धाउनुपर्ने बाध्यता अन्त्य हुने अपेक्षा गरिएको छ।

## समाज......

बालबालिकामा आफ्नो पहिचानप्रति गर्व र जिम्मेवारीबोध विकसित गराउने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा वक्ताहरूले आधुनिक शिक्षाले ज्ञान र सीप त दिएको भए पनि नैतिक मूल्यहरूको पक्ष कमजोर हुँदै गएको चिन्ता व्यक्त गरे । उनीहरूले प्रविधिको तीव्र विकाससँगै सामाजिक सम्बन्धहरू कमजोर बन्दै गएकाले नैतिक शिक्षाको महत्व झनै बढेको औंल्याए । परिवार र विद्यालयबीचको समन्वयमा आधारित नैतिक शिक्षा प्रणाली विकास गर्न सके मात्र सकारात्मक परिवर्तन सम्भव हुने धारणा राखिएको थियो ।

आयोगकी सदस्य आभा सेतु सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेश सभा सदस्य शारदा पहाडी दास, जिल्ला समन्वय समितिका संयोजक राजनन्दन मण्डललगायतले नैतिक शिक्षा समाज रूपान्तरणको आधार भएको बताए । उहाँहरूले नैतिक मूल्य, सहअस्तित्व, सहिष्णुता र जिम्मेवारीबोधलाई व्यवहारमा उतार्न शिक्षा प्रणालीलाई पुनर्संरचना गर्नुपर्नेमा जोड दिएका छन् ।

त्यसैगरी, आयोगकी सदस्य सिंह, इन्सेकका संयोजक राजु पासमान तथा मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष सुरेश यादवले नैतिक शिक्षा सम्बन्धी डिजिटल प्रतिवेदन प्रस्तुत गर्दै वर्तमान अवस्था, चुनौती र सम्भावित समाधानका पक्षहरू उजागर गरेका छन् । प्रतिवेदनमा विद्यालयस्तरमा नैतिक शिक्षा कमजोर बन्दै गएको, पारिवारिक संस्कारमा कमी आएको र सामाजिक सञ्जालको प्रभावले व्यवहारमा परिवर्तन आएको उल्लेख गरिएको छ ।

कार्यक्रमका सहभागीहरूले नैतिक शिक्षा केवल पाठ्यक्रममा सीमित नराखी व्यवहारमा उतार्नुपर्नेमा जोड दिएका छन् । उनीहरूले सरकार, शैक्षिक संस्था, अभिभावक र समाज सबैको संयुक्त प्रयासबाट मात्र नैतिकवान मधेश निर्माण सम्भव हुने बताएका छन् ।

# समस्याग्रस्त सिफारिस गर्नुअघि सहकारी सञ्चालकको सम्पत्ति रोक्का राख्नुपर्ने

दैनिक समाचारदाता
काठमाडौँ, १७ वैशाख । राष्ट्रिय सहकारी नियमन प्राधिकरणले सहकारी संस्था समस्याग्रस्त घोषणा गर्न सिफारिस गर्नुअघि नै सञ्चालक तथा व्यवस्थापकको सम्पत्ति रोक्का राख्ने भएको छ ।

सरकारले अध्यादेश मार्फत प्राधिकरणलाई थप जिम्मेबार र अधिकारसम्पन्न बनाइ सम्पत्ति रोक्का तथा संस्थाको विद्युतीय अभिलेख नियन्त्रण लिन सक्ने बनाएको हो ।

सरकारले ल्याएको सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश अनुसार समस्याग्रस्त घोषणाको सिफारिस गर्नु अघि रजिष्ट्रार वा प्राधिकरणले सम्बन्धित सहकारी संस्थाका सञ्चालक, ऋणी सदस्य, व्यवस्थापक, जिम्मेबारी कर्मचारी, लेखा सुपरीवेक्षण समितिका सदस्य, ऋण उपसमिति लगायतका जिम्मेबार व्यक्तिहरूको चल अचल सम्पत्ति रोक्का राख्न सक्छ ।

त्यसैगरी हिनामिना तथा हानीनोक्सानीमा संलग्न देखिएका अन्य व्यक्तिहरूको चल अचल सम्पत्ति, कारोबार, बैंक खाता, सेयर रोक्का र खुने तथा ऋण तमसुक, विद्युतीय अभिलेखसमेत नियन्त्रणमा लिई वा रोक्का गरी विदेश यात्रामा समेत प्रतिबन्ध लगाउनु पर्ने व्यवस्था अध्यादेशमा छ ।

# स्वास्थ्य स्वयमसेविकालाई साइकल सहयोग

दैनिक समाचारदाता
सिरहा, १७ बैशाख । लहान नगरपालिका वडा २० का नौजना स्वास्थ्य स्वयम सेविकालाई साइकल वितरण गरिएको छ । स्वास्थय चौकीसम्म आउन जान सहजताका लागि साइकल वितरण गरिएको वडा कार्यालयले जनाएको छ ।

साइकल पाउने स्वयमसेविकामा चन्द्रमाया सिंह, रञ्जुकुमारी महतो, इन्द्रकुमारी पासवान, रोखा ठाकुर, नुनुदेवी चौधरी, सञ्जीलाकुमारी महतो शान्ति देवी, रेखादेवी चौधरी र पुनमदेवी महतो रहेका छन् ।

साइकल पाएका स्वयमसेविकाहरुले हाम्रो माग वडा कार्यालयले पूरा गरेको र थप सेवा सुविधा दिएर उत्साहित बनाउन स्वयसेविकाहरुको तर्फबाट नुनुदेवी चौधरीले खुसी व्यक्त गर्नुभयो ।

लहान वडा २० को वडा कार्यालय उद्घाटनको अवसरमा साइकल वितरण राखिएकाले सो



कार्यक्रमलाई सम्बोधन गर्दै लहान नगरप्रमुख महेशप्रसाद चौधरीले वडा कार्यालयलाई वयस्थित र स्वास्थ्य चौकीको सेवा विस्तार गरिने बताउनुभयो ।

उहाँले भन्नुभयो, "पहिलेका ब्रम्हान गोडछाडी गाउँपालिका लहान नगरपालिकाको वडा २० को रुपमा गाभिएपछि यस वडामा रहेका विपन्न समुदायका स्थानीयलाई स्वास्थ्य सेवा लिन स्वास्थ्य चौकीलाई व्यस्थित बनाउन पहिलोको वडा कार्यालय भवनमा सारेर ४२ लाखको लगानीमा नयाँ वडा कार्यालय भवन निर्माण गरेका छौं ।"

लहान नगरपालिकामा रहेको २४ वटा वडामध्ये २३ वटा वडा कार्यालयमा अधिकांश निर्माण भइसकेका छन् । केही वडाहरुमा निर्माण कार्य भइरहेको छ । वडा नम्बर ६ सहरी क्षेत्रका वडा भवन निर्माण गर्न ऐलानी जग्गा नभएकाले निर्माण कार्य अघि नबढेको नगरप्रमुख चौधरीले जानकारी गराउनुभयो ।

# ८ दिनमा १ हजार ४४ लागुऔषध कारोबारी पक्राउ

दैनिक समाचारदाता
काठमाडौं १७ वैशाख । नेपाल प्रहरीले सञ्चालन गरेको स्विप अप्रेसन अन्तर्गत ९-१६ वैशाखसम्म (आठ दिन) को अवधिमा देशभरिबाट लागुऔषध कारोबारमा संलग्न १ हजार ४४ जना व्यक्तिहरू पक्राउ परेका छन् ।

जसमध्ये उपत्यकाबाट ४१ जना, कोशी प्रदेशबाट ५ सय ९३ जना, मधेश प्रदेशबाट ३० जना, बागमती प्रदेशबाट ५१ जना, गण्डकी प्रदेशबाट १ सय ४० जना, लुम्बिनी प्रदेशबाट ४२ जना, कर्णाली प्रदेशबाट ८७ जना र सुदूरपश्चिम प्रदेशबाट ६० जना पक्राउ परेका हुन् ।

सो अवधिमा अवैध लागुऔषध गाँजा १ सय ७६ किलो ५१ ग्राम १ सय ८० मिलिग्राम, चरेस १६ किलो ८ सय ९ ग्राम ४ सय मिलिग्राम, हेरोइन १ किलो ३ सय ७२ ग्राम ८ सय ६६ मिलिग्राम, पोलेन १ किलो १ सय ४२ ग्राम, नियन्त्रित लागूऔषध डाईजेपाम १ हजार २ सय २४ एम्पुल, फेनारगन १ हजार ४ सय १७ एम्पुल, बुप्रेनोर्फिन १ हजार ७६ एम्पुल, लुपिजेसिक ४१ एम्पुल, ट्रामाडोल ६२ हजार ९५ ट्याब्लेट, नाइट्राभेट २ सय ४२ ट्याब्लेट, स्पास्मो १ सय ३ ट्याब्लेट प्रहरीले बरामद गरेको छ ।

सबै प्रहरी कार्यालयहरूले विशेष स्वीप अप्रेशन सञ्चालन गरी त्यस्ता गतिविधिमा संलग्नलाई नियन्त्रणमा लिने कार्यलाई प्राथमिकतामा राखी कार्य गरिरहेको प्रहरी प्रधान कार्यालयले बताएको छ ।

# हुम्लामा पनि डेंगुका बिरामी फेला



हुम्ला १७ वैशाख । हुम्ला जिल्ला अस्पताल सिमकोटमा एक जना डेंगु सङ्क्रमित फेला परेका छन् ।

अस्पतालमा उपचाररत सिमकोट गाउँपालिका-२ का ४५ वर्षीय मोती सुनारको स्वाब परीक्षण गर्दा डेङ्गु पुष्टि भएको स्वास्थ्य सेवा कार्यालयका प्रमुख चिकित्सक उमाकान्त तिवारीले बताए ।

उनका अनुसार सुनार तीन दिनअघि उपचारका लागि जिल्ला अस्पतालमा आएका थिए । हाल अस्पतालमै भर्ना गरेर उनको उपचार भइरहेको छ । परीक्षणका क्रममा डेंगु पुष्टि भएपछि केही दिन अझै अस्पतालमै राखेर उपचार गरिने प्रमुख चिकित्सक तिवारीले बताए ।

जिल्ला बाहिर ननिस्केका सुनारलाई हुम्लामै डेंगु देखिएको चिकित्सक तिवारीले बताए । मौसममा आएको परिवर्तन र तापक्रम वृद्धि भएसँगै लामखुट्टे देखिन थालेकाले यस्तो सङ्क्रमण फैलिएको हुनसक्ने उनको भनाइ छ ।




विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४